# सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालले निजामती सेवा दिवसका अवसरमा दिनुभएको मन्तव्य

**(२०६७ भदौ २२)**

सभाका सभापति महोदय,
नेपाल सरकारका सचिवहरू
राष्ट्रसेवक कर्मचारीहरू,
पत्रकारलगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

सर्वप्रथम “शिष्ट र नम्र व्यवहार, सेवाग्राहीको अधिकार” भन्ने मूल नाराका साथ मनाउन लागिएको यस वर्षको निजामती सेवा दिवसका अवसरमा म सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक बधाई दिन चाहन्छु ।

निजामती सेवा राज्य सञ्चालनको सबैभन्दा महत्त्वपूर्ण संयन्त्र हो । बहुदलीय व्यवस्थामा राजनीतिक दलहरू सरकारमा आउँछन्, जान्छन् तर सरकारको निरन्तरताको कडी, निष्पक्ष र व्यवसायी (Professional) सेवाको सुनिश्चितताका आधार तथा राजनीतिक दलका नीति तथा प्रतिबद्धतालाई वास्तविकतामा बदल्ने प्रमुख संयन्त्र नै निजामती सेवा हो । जनताको विकास निर्माण र आधारभूत सेवा सुविधाको आकाङ्क्षा पूरा गर्ने काममा निरन्तर खटिने निजामती कर्मचारी नै वास्तवमा भन्ने हो भने सरकारको सफलता असफलताका प्रमुख कारक हुन् । तर असल शासन दिने मुख्य जिम्मेवारी राज्य सञ्चालनका वाहक राजनीतिक दलको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ भन्ने कुरा बुझ्नु जरुरी छ । राजनीतिक दलले निजामती सेवाको जति दक्षतापूर्वक परिचालन गर्न सक्यो, त्यति नै राज्य सफल हुन्छ भन्ने कुरालाई आत्मसात गर्नु अत्यन्तै आवश्यक छ ।

सेवाप्रवाह गर्ने विन्दुमा बस्ने राष्ट्रसेवक कर्मचारीहरूका आचरण, व्यवहार, कार्यशैली र कार्यदक्षतालाई जनताले सरकारको आचरण, व्यवहार, कार्यशैली र कार्यदक्षताका रूपमा बुझ्ने भएका कारण सरकारको छवि निर्माणमा कर्मचारीहरूको अहम् भूमिका हुन्छ । जनता र निजामती सेवाबीचको दूरी जति साँघुरो हुँदै जान्छ, त्यति नै सरकारको पहुँच जनतासमक्ष पुगेको मानिन्छ र सरकारद्वारा प्रदान गरिएको सेवालाई जनताले सही रूपमा अनुभूति गर्न पाउँछन् । अग्रपङ्क्तिमा रहेर जनतालाई प्रदान गर्ने सेवाको प्रभावकारिताबाट नै सरकारको सक्षमताको परीक्षण हुन सक्छ । तपाईं राष्ट्रसेवकहरूको कार्यक्षमता, कार्यकौशल र लगनशीलताले नै सरकारको नीतिको सही कार्यान्वयन हुन सक्छ । त्यसैले जनतालाई दिइने सेवाको प्रभावकारिता मूल्याङ्कन गर्ने एकमात्र आधार सेवाग्राहीको सन्तुष्टिलाई बनाइनुपर्दछ । निजामती सेवालाई जनउत्तरदायी बनाई सेवाप्रवाहलाई गुणस्तरीय बनाउन सम्पूर्ण राष्ट्रसेवकहरूको मनोबललाई उच्च राख्नै पर्दछ । यसका लागि नेपाल सरकारले आफ्नो स्रोत र साधनले सकेजति सुविधा प्रदान गर्दै आएको छ र भविष्यमा पनि गर्नेछ ।

दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीलाई विनाभेदभाव दुर्गमभत्ता दिने, कर्मचारी आवास योजना, कडा रोग लागी उपचार गराउन नसक्ने कर्मचारीका लागि उपचार सहयोग कोषको व्यवस्था, विश्व स्तरीय विद्यालयमा पढ्न निजामती कर्मचारीलाई छात्रवृत्तिको व्यवस्था, निजामती सेवा ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवाको व्यवस्थापन, सिंहदरबारमा शिशुस्याहार केन्द्रको व्यवस्था, निजामती कर्मचारीका छोराछोरीलाई आवासीय विद्यालयको व्यवस्था, निजामती कर्मचारी अस्पताल सेवाको विशिष्टीकरण, स्वास्थ्य बिमाका बारेमा अध्ययन गर्ने र उत्कृष्ट काम गर्ने निजामती कर्मचारीलाई दिइने उत्कृष्ट निजामती सेवा पुरस्कारको

सङ्ख्यामा दोब्बर वृद्धि गर्ने जस्ता १० बुँदे सेवा सुविधासम्बन्धी नीतिगत विषयहरू अगाडि बढाउने घोषणा यसै मञ्चबाट एक वर्षपहिले मैले गरेको थिएँ । तपाईंहरू धेरैको भावना र अपेक्षा २४घ१ को व्यवस्थापन थियो । यसको व्यवस्थापनका लागि सरकारको तीव्र चाहना भएर नै विभिन्न कार्यदल तथा बैठकबाट उपयुक्त विकल्पको खोजी र सहमतिमा हामीले धेरै समय लगायौं । अन्ततः सरकारले उक्त बढुवाको व्यवस्थापनका लागि निजामती सेवा ऐनमा संशोधन प्रस्ताव अगाडि बढाएको छ । तपाईंहरूको अपेक्षाबमोजिम तीव्र गतिमा नभए पनि उपयुक्त सबै विषयमा केही न केही काम भएको जानकारी मैले पाएको छु । गत वर्ष घोषणा गरिएका सुविधा र सहुलियतसम्बन्धी विषयहरू कर्मचारी आवासको व्यवस्था, उनीहरूको आफ्नै वृत्ति विकासको अवसर, निजामती राष्ट्रसेवकका छोराछोरीको गुणस्तरीय शिक्षामा पहुँच र स्वास्थ्य उपचारको उचित प्रबन्ध गर्ने जस्ता धेरै नै महत्त्वपूर्ण आधारभूत आवश्यकता सम्बोधन गरी यस पेसालाई आकर्षित, मर्यादित र उच्च मनोबलयुक्त बनाउने उद्देश्यबाट अभिप्रेरित थिए । ती घोषणाहरूलाई तदारुकताका साथ अगाडि बढाई निजामती राष्ट्रसेवकको मनोबल उच्च राख्न सक्रियतापूर्वक लाग्न सम्बन्धित निकायको म ध्यानाकर्षण गर्दछु र थप सेवा सुविधाद्वारा सुसज्जित गर्न आफ्नो क्षमताले भ्याएसम्म प्रयास जारी राख्ने विश्वास दिलाउन चाहन्छु ।

सरकारले गत वर्ष घोषणा गरेको औषधी उपचार बिमासम्बन्धी अध्ययन कार्य सम्पन्न गरेको छ। सो अध्ययनको निचोडका आधारमा आगामी आ.व.देखि औषधी उपचार बिमा व्यवस्था लागू गर्ने सोचाइ सरकारले बनाएको छ। निजामती कर्मचारीलाई पोसाकवापत तोकिएको रकम उपलब्ध गराई सरकारले तोकेको पोसाक अनिवार्य रूपमा लगाएर कार्यालयमा आउने व्यवस्था गर्ने दृष्टिकोण पनि यस सरकारले राखेको छ। पोसाकको एकरूपताले निजामती कर्मचारीमा सामूहिकता र एकात्मकताको भावना विकास हुने तथा सेवालाई पारदर्शी र उत्तरदायी बनाउन मद्दत मिल्नेछ भन्ने बुझाइ यो सरकारको छ । चालू वर्षमा सबै निजामती कर्मचारीले कल्याणकारी काममा खर्च गर्ने गरी रु. एक सय योगदान गरेको भन्ने जानकारी मैले पाएँ । उक्त कार्यको सराहना गर्दै सो रकमलाई स्थायी कोष बनाई निश्चित कार्यमा खर्च गर्ने गरी मापदण्ड तयार गरेमा सरकारले पनि त्यस कोषमा थप योगदान दिन सक्नेछ। कर्मचारीले गरेका कामको उचित र वस्तुपरक मूल्याङ्कन हुन नसक्दा एकातर्फ काम गर्नेलाई प्रोत्साहित गर्न नसकिएको र नगर्नेलाई दण्डित पनि नगरिएको अवस्था छ । उचित पुरस्कार र दण्डको अभावमा निजामती सेवाले अपेक्षित स्तरको कार्यसम्पादन गरेन भन्ने गुनासालाई ध्यानमा राखेर सरकारले चालू वर्षदेखि नै कार्यसम्पादन प्रोत्साहन कोषमार्फत नतिजामुखी कार्यसम्पादन प्रणालीमा जान चाहने कर्मचारी तथा कार्यालयलाई कार्यसम्पादन नतिजाका आधारमा प्रोत्साहनको व्यवस्था लागू गर्ने सोच पनि सरकारले बनाएको छ । यस वर्ष निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको चुनाव गराउनेतर्फ सम्बन्धित मन्त्रालयले तयारी गरिरहेको छ ।

गत वर्ष घोषणा गरिएका र यी माथि उल्लेखित कार्यक्रमहरूको सफल कार्यान्वयन हुन सके निजामती सेवा थप आकर्षक हुन गई प्रतिस्पर्धी हुनेछ र क्षमतावान् युवापुस्ता यसतर्फ आकर्षित भई निजामती सेवा अझ स्तरीय हुनेछ भन्ने विश्वास यस सरकारले लिएको छ ।

राजनीतिक सङ्क्रमण र अस्थिरताको मार सबैतिर परेको छ। यस्तो अवस्थामा स्थायी सरकार भनिने निजामती सेवाका राष्ट्रसेवकले इमान्दारी र लगनशीलताका साथ कानुनबमोजिम विनापक्षपात र मुलाहिजा आआफ्नो कर्तव्य निडर भई सम्पादन गरेर जनतामा आशा र भरोसा सिर्जना गरी जनताको विश्वास आर्जन गर्न प्रयत्नशील हुन आग्रह गर्दछु। कामचोर प्रवृत्ति र जिम्मेवारी पन्छाउने तथा पहुँच नभएकाहरूलाई शासन गरी तथा पहुँच हुनेबाट आफू शासित हुन मन पराउने प्रवृत्तिहरूलाई निमिट्यान्न नपारेसम्म निजामती सेवाको साख वृद्धि हुँदैन ।

देश सङ्घीयतातर्फ जाँदै छ । त्यसका लागि पनि संचरना, प्रक्रिया र प्रणालीको विकास गर्न निजामती सेवाको उच्च संयन्त्रले राजनीतिक नेतृत्वसँग निरन्तर संवाद र समन्वयमा रही काम गर्न अब ढिलो गर्नु हुँदैन ।

मलाई थाहा छ अभाव र जोखिमयुक्त वातावरणमा बसेर सीमित स्रोतबाट जनताका उर्लंदा आकाङ्क्षा पूरा गर्न कार्यस्थल (Front line) मा काम गर्ने कर्मचारीहरूलाई कति गाह्रो छ । अझै पनि सरकारले वस्तुपरक भएर राम्रो र नराम्रो कर्मचारी पर्गेल्न सक्ने प्रणालीको विकास गर्न सकेको छैन । त्यस्तो प्रणालीको विकासका लागि राजनीतिक नेतृत्वलाई वस्तुपरक खाका प्रस्तुत गर्नु तथा राजनीतिक नेतृत्वलाई निर्णयका लागि घचघच्याउनु र निर्णय भइसकेपछि इमान्दारीपूर्वक लागू गर्नु तपाईंहरूको पनि कर्तव्य हो ।

निजामती सेवामा एकएक अब्बल दर्जाका क्षमतावान् र व्यावसायिक व्यक्तिहरू छन् । उनीहरू एक्लाएक्लै राम्रा छन् तर उनीहरूको कार्यसम्पादन भने अपेक्षित स्तरको छैन भन्ने गुनासो सुनिन्छ । भ्रष्टाचारलाई निर्मूल नपारी सुशासनको कल्पना गर्न सकिँदैन । यो कुन क्षेत्रमा मात्र सीमित छ भनेर भन्न नसकिने भइसकेको छ । त्यसैले भ्रष्टाचार विरुद्ध निर्ममतापूर्वक लड्न तपाईंहरू अग्रसर हुनुहोस् । तपाईं निजामती राष्ट्रसेवकले प्रण गरेमा यस मुलुकबाट भ्रष्टाचारका जरा पखेटा काट्न सकिन्छ भन्ने मेरो विश्वास छ ।

सरकारले दिशानिर्देशसम्म गर्दछ । बाँकी काम त राष्ट्रसेवकले नै सम्पादन गर्नुपर्ने हुन्छ । सरकार र निजामती प्रशासनबीचको यो अन्योन्याश्रित सम्बन्धको सही परिचालनबाट मात्रै जनताका अपेक्षाहरू पूरा गर्न सकिन्छ । सङ्क्रमणकालबाट गुज्रिरहेको हाम्रो मुलुकमा सरकार र निजामती प्रशासनले आआफ्नो सीमा र सबल पक्षको पहिचान गरी समन्वयात्मक रूपमा काम गर्न सके मात्र मुलुकलाई सही दिशा दिन सकिन्छ। यदाकदा प्रशासनमा राजनीतिकरण भएको भन्ने स्वरहरू हामी सुन्छौं। जब सत्ता बाहिर हुन्छौं, तब प्रशासनलाई तटस्थ राख्नुपर्छ भन्ने बोध गरिन्छ। प्रशासनलाई दलीय राजनीतिबाट मुक्त राख्न राजनीतिज्ञलाई नैतिक दबाब दिनुपर्छ।

निजामती सेवालाई अनुशासित र मर्यादित बनाउने खाँचो पनि त्यतिकै रहेको छ। कम्प्युटर सञ्जालको व्यापक प्रयोग र वितरणबाट छिटोछरितो, गुणस्तरीय र पारदर्शी सेवा प्रदान गर्न सकिन्छ । त्यसैले हरेक मन्त्रालयले कम्तीमा आआफ्नो मन्त्रालयका तहका इगभर्नेन्सको एउटा भए पनि प्याकेज कार्यक्रम यसै वर्ष ल्याउन म आग्रह गर्दछु ।

अन्त्यमा, आज सम्मानित हुने पूर्व मुख्य सचिव, सचिवहरूलगायत सम्पूर्ण पूर्व राष्ट्रसेवक कर्मचारीहरू तथा निजामती पुरस्कारबाट पुरस्कृत हुने राष्ट्रसेवक कर्मचारीहरूलाई बधाई ज्ञापन गर्न चाहन्छु । साथै निजामती सेवा पारदर्शी, जवाफदेही र सदाचारयुक्त हुन सकोस् । जनताप्रति संवेदनशील भई इमान्दारिता र उत्तरदायित्वका साथ सेवालाई प्रभावकारी बनाउन अझ सक्षम बनोस् । यही कामनाका साथ बिदा हुन्छु ।

धन्यवाद ।